म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१६ अङ्क:- १२७ २०८१ चैत्र १५ गते शुक्रबार 28 March 2025, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**नागरिकले पाउने सामाजिक सुरक्षा भत्ताहरू**

- जेष्ठ नागरिक भत्ता,
- अन्य जेष्ठ नागरिक भत्ता,
- एकल महिला भत्ता,
- विधवा भत्ता,
- पूर्ण अपाङ्गता भत्ता,
- अति अशक्त अपाङ्गता भत्ता,
- बाल पोषण भत्ता,
- लोपन्मुख जाति भत्ता ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आफ्नो स्थानीय तहमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मुख्यमन्त्री लामाद्वारा वन विज्ञान क्याम्पसको निरीक्षण



*वन विज्ञान क्याम्पसको अवलोकन गर्नुहुँदै मुख्यमन्त्री लामा ।*

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले हेटौंडा स्थित वन विज्ञान क्याम्पसको निरीक्षण गर्नुभएको छ । मुख्यमन्त्री लामाले बिहिबार हेटौंडा-१० स्थित कृषि तथा वन विज्ञान विश्वविद्यालय (एएफयु) वन संकायअन्तर्गतको वन विज्ञान क्याम्पस र त्रिभूवन विश्वविद्यालय (त्रिवि) को वन विज्ञान अध्ययन संस्थानअन्तर्गतको हेटौंडा क्याम्पसको निरीक्षण गर्नुभएको हो ।

मुख्यमन्त्री लामाले दुई क्याम्पसको भौतिक संरचना, शिक्षाको गुणस्तर, प्रयोगशाला तथा संग्राहालय र विद्यार्थीका बारेमा जानकारी लिनुभएको छ । सो अवसरमा दुई क्याम्पस बीचको विवादको विषयमा पनि मुख्यमन्त्री लामालाई जानकारी गराइएको थियो । निरीक्षणका क्रममा कृषि तथा वन विज्ञान विश्वविद्यालयको वन संकायका डीन डा. बासुदेव पोखरेलले एएफयू तर्फको शैक्षिक तथा प्राज्ञिक र संरचनाको अवस्था बारे जानकारी गराउनुभएको थियो । उहाँले हाल विश्वविद्यालय अन्तर्गत प्रयोगशाला, नर्सरी तथा भौतिक संरचनाको अभाव रहेको जानकारी गराउनुभयो । उहाँले प्रयोगशाला, नर्सरी, भौतिक संरचना तथा छात्रावास निर्माणका लागि स्रोत व्यवस्थापन गर्न आवश्यक पहल गरीदिन आग्रह समेत गर्नुभयो ।

यता त्रिवितर्फको वन विज्ञान अध्ययन संस्थानका क्याम्पस प्रमुख डा. शिव कुमार माञ्जनले छात्रावास तथा भौतिक संरचना र बसका लागि स्रोत व्यवस्थापन गर्नु पर्ने बताउनुभयो । क्याम्पसमा बस नहुँदा विद्यार्थीहरुको शैक्षिक कार्यक्रम अन्तर्गतका विभिन्न अध्ययन अनुगमन कार्य गर्न गठिन भएको उहाँले जानकारी गराउनुभयो । निरीक्षण पश्चात मुख्यमन्त्री लामाले शैक्षिक संस्थाहरु बीचको जग्गा स्वामित्व विवाद लम्ब्याउन नहुने बताउनुभयो । शैक्षिक गुणस्तर कायम गर्न देखिएका समस्या र चुनौतिहरु छलफलबाट समाधान गर्नुपर्ने उहाँको भनाइ थियो । उक्त विषय संघीय सरकार अन्तर्गतको रहेकाले सो बारेमा आवश्यक पहल गर्ने आश्वासन समेत मुख्यमन्त्री लामाले दिनुभयो ।

मुख्यमन्त्री लामाले शिक्षा विकास र समृद्धिको मेरुदण्ड रहेकाले राज्यले आफ्नो लगानी त्यसतर्फ केन्द्रित गर्नुपर्ने बताउनुभयो । प्राविधिक शिक्षा अहिलेको आवश्यकता रहेकाले शैक्षिक संस्थाहरुले त्यसतर्फ केन्द्रित हुनुपर्ने समय आएको उहाँको भनाई छ । वर्तमान शिक्षाको मोडललाई व्यावहारिक र व्यावसायिक बनाउन प्राविधिक शिक्षामा जोड दिन जरुरी रहेको उहाँले औंल्याउनुभयो । वन विज्ञान क्याम्पसलाई शैक्षिक पर्यटनको हवको रुपमा विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । क्याम्पस भित्रको वन जंगल र जीवजन्तुलाई संरक्षण गरेर पर्यटकीय क्षेत्रको रुपमा अघि बढाउनु पर्ने उहाँको भनाई छ । सरकारको लगानीलाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गरी राजस्व संकलनका विभिन्न क्षेत्रहरु तयार गर्नेगरी उक्त क्याम्पसलाई अघि बढाउनु पर्ने उहाँले बताउनुभयो । क्याम्पसको क्षमता तथा व्यवस्थापनका विषयमा आवश्यक सहयोग तथा पहल गर्ने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो ।

### नयाँ पुस्ताका पत्रकार विषयमा बहस

# समाचार सामग्रीको गुणस्तर र अनुशासन आवश्यक

समाज संवाददाता

हेटौँडा : स्वतन्त्र पत्रकार संघ मकवानपुरले नयाँ पुस्ताका पत्रकारहरुका लागि अवसर, चुनौति र आवश्यक तयारीबारे छलफल आयोजना गरेको छ । बिहीबार ‘मकवानपुरे पत्रकारितामा नयाँ पुस्ता-चुनौती, अवसर र तयारी’ शीर्षकमा आयोजित छलफलमा अनुभवी पत्रकारहरु, सञ्चार विज्ञहरु, संस्थागत प्रतिनिधिहरु र युवा पत्रकारहरुको सहभागिता रहेको थियो ।

हेटौँडाको पल्पसा सदनमा सम्पन्न कार्यक्रममा वरिष्ठ पत्रकार प्रताप विष्ट, बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवती सापकोटा, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी तथा युवा पत्रकार जमुना थिङ प्रमुख वक्ताका रुपमा सहभागी हुनुहुन्थ्यो । कार्यक्रमको सहजीकरण स्वतन्त्र पत्रकार संघ मकवानपुरका सचिव बसन्त भण्डारीले गर्नुभएको थियो भने अग्रज पत्रकार राममणि दाहालले छलफलपछि टिप्पणी गर्नुभएको थियो ।

वरिष्ठ पत्रकार प्रताप विष्टले पत्रकारिताको विगत र वर्तमान अवस्थाको तुलनासहित नयाँ पुस्ताका पत्रकारहरूका लागि चुनौति भन्दा अवसर बढी रहेको बताउनुभयो । ‘विगतमा पत्रकारिता संघर्षपूर्ण भए पनि अनुशासनयुक्त थियो । अहिले प्रविधिको विकासले समाचार सम्प्रेषण सहज बनेको छ, तर कन्टेन्टको गुणस्तर र अनुशासन चुनौती बनेका छन्,” विष्टले भन्नुभयो । उहाँले सामाजिक सञ्जालमा मात्र निर्भर भएर पत्रकारिता गर्ने प्रवृत्तिलाई गलत ठहर गर्नुहुँदै अनुसन्धानात्मक पत्रकारितामा ध्यान दिन आग्रह गर्नुभयो ।

बागमती प्रदेश सञ्चार रजिष्ट्रार रेवती सापकोटाले अनलाइन मिडियाको वृद्धिसँगै समाचारको गुणस्तरमा सुधार आवश्यक रहेको बताउनुभयो । ‘पहिले सञ्चारमाध्यम सीमित थिए, तर समाचारको गहिराइ थियो । अहिले भने माध्यम धेरै भए पनि विश्वसनीयता र गहिराइमा कमि देखिन्छ । आर्थिक स्रोत सीमित हुँदा सञ्चारमाध्यम सञ्चालन चुनौतीपूर्ण बनेको छ,’ उहाँले भन्नुभयो । नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप हुन नहुनेमा जोड दिनुहुँदै पत्रकारिता कानुनी रूपमा सुरक्षित हुनुपर्ने बताउनुभयो । ‘सरकार वा कुनै समूहको दबाबमा समाचार रोक्ने प्रवृत्ति नकारात्मक छ । नयाँ पुस्ताले अनुसन्धानमूलक पत्रकारितालाई अघि बढाउनुपर्छ । अरु ठाउँको भन्दा मकवानपुरे पत्रकारिता जिम्मेवार, नागरिकप्रति उत्तरदायी र व्यावसायिक छ,” अधिकारीले भन्नुभयो ।

युवा पत्रकार जमुना थिङले डिजिटल मिडियामा अवसर खोज्न सकिने भए पनि सामग्रीको गहिराइ र पत्रकारिता आचारसंहिता पालनामा ध्यान दिनुपर्ने बताउनुभयो । ‘हामी प्रविधिलाई आत्मसात गर्दै नयाँ खोजी गरिरहेका छौँ, तर कहिलेकाहीँ समाचार हटाउने दबाब पनि आउँछ । अवसर नै चुनौति हो, चुनौती नै अवसर हो,’ उहाँले भन्नुभयो ।

छलफलमाथि टिप्पणी गर्नुहुँदै अग्रज पत्रकार राममणि दाहालले नयाँ पुस्ताका पत्रकारहरूलाई अनुसन्धानमूलक, तथ्यमा आधारित र जिम्मेवार पत्रकारितामा ध्यान दिन सुझाव दिनुभयो । ‘पत्रकारिता अब समाधानमुखी र सिर्जनात्मक हुनुपर्छ । अध्ययनशील पत्रकार मात्र टिक्न र बिक्न सक्छ,’ उहाँले भन्नुभयो । छलफलका क्रममा पत्रकारिता पेशाको उचित विकास र पेशाकर्मीको भविष्य सुनिश्चित गर्ने विषयमा राज्य संयन्त्र र छाता संगठनको नेतृत्वबाट प्रभावकारी योजना प्रस्तुत गर्न नसकेको दावी गर्नुभयो ।

छलफलमा विभिन्न संचारकर्मी, उद्योगी, सरकारी निकायका प्रतिनिधि, राजनीतिक व्यक्तित्व तथा अन्य क्षेत्रका व्यक्तिहरूको उपस्थिति रहेको थियो । संघका अध्यक्ष राजन घिमिरे अनुरागले आगामी दिनमा यस्ता कार्यक्रमलाई नियमित रूपमा आयोजना गरिने जानकारी दिनुभएको छ ।

# नागरिक समाजका अगुवासँग अन्तर संवाद



समाज संवाददाता

हेटौँडा : नेकपा एमाले मकवानपुरले नागरिक समाजका अगुवहरुसँग संवाद कार्यक्रम आयोजना गरेको छ । बिहीबार आयोजित कार्यक्रम मकवानपुर जिल्ला कमिटी अध्यक्ष श्रीधर पोखरेलको सभाध्यक्ष तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडले, पार्टी केन्द्रीय सदस्य केदार नेउपानेको विशिष्ट र पार्टी केन्द्रिय सदस्य साथै मकवानपुर जिल्ला ईन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यमा कार्यक्रम संचालन भएको हो ।

कार्यक्रममा मकवानुर जिल्लाका अधिकांशसँग संगठनको उपस्थिति रहेको जिल्ला पार्टी अध्यक्ष श्रीधर पोखरेलले जानकारी दिनुभयो । सभामा अगुवा नागरिकबाट पार्टी र देशमा आईपर्ने चुनौती साथै जेष्ठ नागरिकको गुनासो आदि विषयवस्तुमा केन्द्रित सही अन्तरसंवाद भएको बताउनुभयो । विशेषगरी अहिले एमाले गणतन्त्रको रक्षाको लाग्नुपर्ने सभामा छलफल भएको बताउनुभयो ।

एमाले पार्टी केन्द्रिय चैत्र १८ गत कार्यक्रम संविधानको औचित्व कार्यान्वयन र प्राप्त उपलब्धिको रक्षाको निमित्त जनतालाई सचेत बनाउने उद्देश्यले जिल्लास्तरीय सभा संचालन गरिने जानकारी दिनुभयो ।

# दुई बालगृहको अनुगमन

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुर, हेटौंडा उपमहानगरपालिका र बाल हेल्पलाइन मकवानपुरको संयुक्त आयोजनामा बिहीबार दुई बालगृहको अनुगमन गरिएको छ । हेटौंडा-१६ स्थित आशा नेपाल र हेटौंडा-१८ स्थित बाल सुरक्षा गृहको अनुगमन गरिएको हो ।

अनुगमन गरिएको आशा नेपाल अनुमतिबिना सञ्चालनमा रहेको पाइएको हेटौंडा उपमहानगरपालिका महिला, बालबालिका तथा समावेशीकरण महाशाखाकी प्रमुख बिष्णुकुमारी लामिछानेले जानकारी दिनुभयो । आशा नेपालमा १५ र बाल सुरक्षा गृहमा १७ बालबालिका रहेको उहाँले बताउनुभयो । अनुमतिबिना सञ्चालनमा रहेको बालगृहलाई दर्ताका लागि आग्रह गरिएको उहाँको भनाइ छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रतिनिधि, बाल हेल्पलाइन मकवानपुरका प्रबन्धक झबिन्द्र ज्ञवाली, बालअधिकार समिति सदस्य बिना थिङ, महिला बालबालिका तथा समावेशीकरण महाशाखाकी प्रमुख लामिछानेलगायतको टोलीले अनुगमन गरेको थियो ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community



# सम्पादकीय

## परीक्षणमै सिमित जनता स्वास्थ्य कार्यक्रम

मुटु तथा रक्तनली, दम, मधुमेह, क्यान्सरजस्ता नसर्ने रोगबाट हुने मृत्युदर दुई तिहाइभन्दा बढी छ । नसर्ने रोग र यसको जोखिम पहिचान गरी उचित परामर्श, परीक्षण, निदान र उपचार सेवा प्रदान गर्ने उद्देश्यले बागमती प्रदेश सरकारले मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम सञ्चालन गरिरहेको छ । हृदयाघात, मस्तिष्कघात, अब्सटेटिक फिस्टुलालगायत नसर्ने रोगको रोकथाम, नियन्त्रण, न्यूनीकरण, निदान र उपचारमा सहयोग गर्ने भन्दै कार्यक्रम कार्यान्वयन गरिएको छ । नसर्ने रोग र त्यसको प्रभाव जटिल हुन नदिन प्रदेश सरकारले अघि बढाइरहेको मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम सिमित क्षेत्रमा सामान्य स्वास्थ्य परीक्षणमा सिमित बनिरहेको छ । २०७५ सालदेखि सुरु गरिएको कार्यक्रमलाई प्रदेशका सबैजसो स्थानीय तहसम्म पुऱ्याइएको छ । तर, स्थानीय तहका केही ठाउँमा स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरेर सुगर, प्रेसरजस्ता रोग पहिचानमै मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम सिमित भएको छ ।

विपन्न वर्गका जनताको स्वास्थ्य परीक्षण गर्ने उद्देश्यले प्रदेश सरकारले यो कार्यक्रम ल्याएको हो । शहीद परिवार, जनआन्दोलनका घाइते तथा बेपत्ता परिवार र निम्न आयस्तर भएका विपन्न परिवारका मानिसले वडाको सिफारिसमा यो उपचार सेवा पाउने व्यवस्थासहित कार्यक्रम सुरु गरिएको थियो । नसर्ने रोग पहिचानका लागि निःशुल्क विभिन्न १६ किसिमका परीक्षण गर्ने गरी सुरुवातमा मकवानपुर, धादिङ, भक्तपुर र सिन्धुपाल्चोक जिल्लामा कार्यक्रम लागू गरिएको थियो । प्रदेशभित्रका सरकारी अस्पतालबाट यो सेवा सञ्चालन हुने भनिए पनि पछिल्ला वर्षहरुमा सामान्य स्वास्थ्य शिविरको रुपमा कार्यक्रम सञ्चालन भइरहेका छन् । बागमती प्रदेश सरकारको माइलस्टोन प्रोग्रामको रुपमा लिइएको मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमका लागि पर्याप्त स्रोत साधन नभएको गुनासो आउने गरेको छ । यस वर्ष पनि प्रदेश सरकारले गत फागुन महिनामा कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गर्न स्थानीय तहहरुलाई पत्राचार गरेको भए पनि कार्यक्रम प्रभावकारी बन्न सकेको छैन ।

बागमती प्रदेशभित्र स्थायीरुपमा बसोबास गर्ने ३० वर्ष माथिका नागरिकले यो कार्यक्रमबाट निःशुल्क सेवा प्राप्त गर्नसक्ने व्यवस्था छ । स्वास्थ्य चौकी, वडा स्तरको स्वास्थ्य संस्था, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत अस्पताल आदिबाट निःशुल्क परीक्षण गरेर थप परीक्षण आवश्यक भएमा माथिल्लो स्तरका स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्ने कार्यविधि रहेको छ । तल्लो स्तरका स्वास्थ्य संस्थाबाट प्रेषण भएर आएकालाई विशेषज्ञ वा विशिष्टिकृत स्वास्थ्य सेवा अन्तर्गत विभिन्न १६ प्रकारका परीक्षण गरिने व्यवस्था छ । सो परीक्षणबाट पनि रोग पहिचान नभएमा थप विशिष्टिकृत सेवाका लागि प्रेषण गर्नुपर्ने व्यवस्था मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण व्यवस्थापन कार्यविधिमा उल्लेख छ । स्वास्थ्य संस्थाले हप्तामा एक पटक स्वास्थ्य परीक्षण क्लिनिक सञ्चालन गर्नुपर्ने, त्यसको लागि आवश्यक जनशक्ति आफैं व्यवस्थापन गर्नुपर्ने तथा स्वास्थ्य परीक्षणबापतको खर्च मन्त्रालयले शोधभर्ना भुक्तानी दिने व्यवस्था छ ।

न्यून आयस्तर भएका व्यक्तिले रोग पहिचानकै लागि प्रक्रियागत कन्झट व्यहोर्दै एक ठाउँबाट अर्को ठाउँमा प्रेषित हुँदै जानुपर्ने बाध्यताले यो कार्यक्रमप्रति आम नागरिकको आकर्षण देखिएको छैन । सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले पनि कार्यक्रम सञ्चालनको क्रममा धेरै प्रक्रियागत औपचारिकता पूरा गर्नुपर्ने बाध्यताले कार्यक्रम प्रभावकारी हुन नसकेको मान्न सकिन्छ । आम नागरिकले आफूलाई पायक पर्ने र सहज सेवा प्राप्त गर्न सकिने जुनसुकै स्वास्थ्य संस्थाबाट नागरिकता वा अन्य परिचयपत्रको आधारमा निःशुल्क स्वास्थ्य परीक्षण र उपचार सेवा पाउने व्यवस्था गर्ने हो भने यो कार्यक्रम प्रभावकारी हुनसक्छ । मुख्यमन्त्रीसँग जोडेर वार्षिक करोडौं रकम खर्चिएर सञ्चालन गरिएको कार्यक्रम सामान्य स्वास्थ्य परीक्षणमै सिमित हुनुले कार्यक्रमको औचित्य कमजोर बनिरहेको छ ।

# शैक्षिक प्रमाणपत्रहरुको छानबिन र सत्यापन कागजमा मात्रै कि ब्यवहारमा पनि ?



✍ रमेश प्रसाद लामिछाने

१. हाम्रो सन्दर्भमा शैक्षिक प्रमाणपत्र जागिरको लागि नभै नहुने मापदण्डहरु मध्ये एक हो भन्दा अन्यथा नहोला । सबै मुलुकहरुमा हाम्रै जस्तो स्थिति हुनै पर्ने भन्ने छैन । प्राचिन अर्थात वैदिक कालमा पनि व्यक्तिले हासिल गरेको ज्ञान र सीपका आधारमा योग्यता र दक्षता तोक्ने काम भएको तथ्य पौराणिक ग्रन्थहरुमा उल्लेख भएको पाईन्छ । सिद्ध, तपस्वी, ऋषी र आचार्यहरुले शिक्षा र सीप प्रदान गर्ने गरेको पाईन्छ । विभिन्न संस्कारयुक्त सामाजिक ज्ञानका अतिरिक्त युद्ध कलाका सीप लक्षित शिक्षाले क्रमशः आधुनिक र वैज्ञानिक शिक्षाको आकार ग्रहण गरेको सन्दर्भ स्मरणीय छ । सवाल पूर्वीय दर्शनको मात्र हैन, पाश्चात्य दर्शनमा समेत मानव सभ्यताको विकास क्रमलाई जोडेर अरस्तु, सुकरात, फ्रान्सिस बेकन, भोल्तेयर, एडम स्मिथ, हेगल, कार्ल मार्क्स, आदिका विचारहरु महत्वपूर्ण छन् । हुनत, अति प्राचिन ग्रन्थ वेदले व्यवस्था गरेको सत्य, त्रेता, द्वापर युगमा पनि सत्ता र शक्तिका अगाडि ज्ञान र सीपलाई चाकडी र स्तुतीगान अर्थात भजन मण्डलीले सहजै परास्त गरेको अनेकौं उदाहरण प्राचिन ग्रन्थहरुमा उल्लेख भएको पृष्ठभूमीमा कलीयुग अर्थात आधुनिक कालमा रुपैयाँ र चाकडी हावी हुनुलाई अनौठो मानिदैंन । योग्यता, दक्षता, सीपयुक्त, विज्ञतासँग शैक्षिक प्रमाणपत्रको सम्बन्ध बिस्तारै टाढा पुगिसकेको छ ।

२. हामी त्यो देशका नागरिक हौं जहाँ प्रमाणपत्र छानबिन सत्यापन गर्ने कामका कर्मचारी नै फर्जी प्रमाणपत्रवाला हुन्छन् । अदालतका न्यायाधिसका शैक्षिक प्रमाणपत्र नक्कली भएको चर्चाले मिडियामा ठाउँ पायो । सेना र प्रहरीका उच्च पदस्थ कर्मचारीहरुका शैक्षिक प्रमाणपत्र नक्कली भेटिएका छन् । जाली शैक्षिक प्रमाणपत्र किनेर शिक्षक प्राध्यापक बन्नेहरुको चर्चा पनि कम छैन् । काठमाडौंकै सिडियोको फर्जी सर्टिफिकेट भएको भनेर समाचार बाहिर आएकै हो । जागिर प्रवेश र प्रमोशनका लागि शैक्षिक प्रमाणपत्रको व्यापार उत्तम र सहज व्यवसाय बनेको तथ्यमा बिमती छैन । विशेष गरि जागिरेहरु नागरिकता प्रमाणपत्रमा उमेर घटाएर अर्को नागरिकता बनाउने काममा लागेकाहरु धेरै पाईएका छन् । फर्जी प्रमाणपत्र बनाएर जागिर खानेहरुको रवाफ चर्को हुनु उनीहरुको स्वभाविक चरित्र हो । नक्कली सर्टिफिकेटधारी डाक्टरको कारणले धेरै व्यक्तिको जीवन धरापमा परेको छ । फर्जी प्रमाणपत्रका आधारमा शिक्षक प्राध्यापक बनेकाहरुबाट अपेक्षित शिक्षा प्राप्ती हुने सोच्न सकिन्छ र ? पान पसलबाट किनेको सर्टिफिकेटले बनेका न्यायधिसबाट सच्चा न्यायको आशा गर्न सकिन्छ र ? त्यस्तै बिचौलिया मार्फत तयारी भएका प्रथम श्रेणीका सर्टिफिकेट खरिद गरि उच्च प्रशासक बनेकाबाट स्वच्छ र इमान्दार कार्यशैलीको अपेक्षा नै मुर्खता भन्नै पर्दछ । त्यस्ताहरुको अनेकौं उदाहरण दिन सकिन्छ । विगत देखि प्रमाणपत्र छानबिनको प्रसंग चल्ने बित्तिकै कैयौं शिक्षक, प्रहरी, सेना, निजामती कर्मचारी तथा न्याय र कानून सेवाका कर्मचारीहरुको राजिनामाको लहर चल्ने गरेका घटनाहरु धेरैलाई थाहा छ ।

३. हाम्रो मुलुकमा अन्य देशमा जस्तो सम्बन्धित कक्षामा तोकिएको पाठ्यक्रम अनुशारका विषयहरु, विषयगत क्रेडिट आवर, पूर्णाङ्क, समयावधि खोजिदैंन, मात्र सर्टिफिकेट भए पुग्छ । प्रमाणपत्रको सत्यापन नाम मात्र देखिन्छ । झोले शिक्षण संस्था र फर्जी प्रमाणपत्रका आधारमा जागिर खानेहरुको संख्या उल्लेख्य रहेको बारेमा बारम्बार मिडियाले चर्चा उठाईरहेको छ । विश्वविद्यालय तह अर्थात स्नातक, स्नातकोत्तर, एमफिल, पिएचडी स्तरको समकक्षता निर्धारण प्रयोजनका लागि २०३० साल श्रावण ०१ गते त्रिविवि पाठ्यक्रम विकास केन्द्र, शिक्षाध्यक्षको कार्यालय स्थापना गरिएको छ । पछिल्लो समयमा विद्यावारिधि उपाधिका लागि न्यूनतम मापदण्ड र कार्यविधि २०७३ लाई मिति २०७४भाद्र २१गतेबाट कार्यान्वयनमा आईसकेको सन्दर्भ समेत स्मरण गर्न जरुरी छ । साथै यस केन्द्रबाट २०७८ साल चैत्र १० गते प्रकाशित सूचनामा समकक्षता निर्धारणका प्रमुख मापदण्डका रुपमा पास गरेका विषयहरु र उक्त तहका त्रिविविका विषयहरु बीचको समानता, विषयगत क्रेडिट आवर ५० प्रतिशत वा सो भन्दा बढि र अध्ययन अवधि ७५ प्रतिशत वा सो भन्दा बढि हुनैपर्ने भनि किटानी गरिएको छ । अन्य कसैको थेसिस वा रिसर्च पेपर सार्ने, चोर्ने, नाम फेरेर पेश गर्ने, एउटै शिर्षकका थेसिस सयौं विद्यार्थीले पेश गर्ने, बिजुलीका पोलमा पाँच हजारमा थेसिस बिक्रिका विज्ञापन छरपष्ट हुने जस्ता हर्कतहरु रोक्ने प्रयोजनका लागि २०७९ साल जेठ ९ गते प्लेजारीजम परीक्षा सम्बन्धी सूचना प्रकाशित गरी सोधपत्रको डिजिटल फाईल पेनड्राईभमा पेश गर्न र थप परीक्षणका लागि केन्द्रले अर्को सूचना मार्फत उक्त सोधपत्रको डिजिटल प्रति नेपाली युनिकोडमा हुनुपर्ने भनेको छ ।

४. त्रिविवि, पाठ्यक्रम विकास केन्द्र शिक्षाध्यक्षको कार्यालयले मिति २०७९ भाद्र १४ गते एक सूचना प्रकाशित गरी सिंघालिया विश्वविद्यालय राजस्थान भारत, मेवार विश्वविद्यालय राजस्थान भारत, साइनाथ विश्वविद्यालय झारखण्ड भारत र लभ्ली प्रोफेसनल विश्वविद्यालय पंजाब भारतबाट जारी विभिन्न तहका प्रमाणपत्रहरुको समकक्षता स्थगन गरेको छ । त्यस्तै सोही मितिमै गोरखापत्रमा सूचना प्रकाशित गरी ३ वटाको खारेजी भनिएको छ । पछिल्लो पटक, मिति २०७९ मंसिर २२ गते अर्को सूचनाबाट फिलिपिन्स लगायत अन्य देशका शैक्षिक उपाधि प्रदान गर्ने अधिकार नभएका तालिम केन्द्र तथा संस्थाहरुबाट प्राप्त चिकित्सा शिक्षाका प्रमाणपत्र त्रिविवि, पाठ्यक्रम विकास केन्द्रले प्रदान गरेको समकक्षता २०७९ मंसिर ९ गते बसेको बैठकले नामै तोकेर मान्यता तथा समकक्षता निर्धारण समितिको निर्णयबाट खारेज गरिएको भनिएको छ । यी पछिल्ला प्रतिनिधि उदाहरणमात्र हुन् । करिब पचास वर्ष अघि देखि वितरित समकक्षताको अवस्था सजिलै आँकलन गर्न सकिन्छ । विश्वविद्यालयहरुको नामै तोकेर प्रमाणपत्र खारेज वा स्थगन गर्नपर्ने अवस्थाको गम्भिर विश्लेषण जिम्मेवार निकायले किन गरेन भन्ने सवाल अर्को रहस्य भन्नै पर्दछ । समकक्षताको प्रमाणपत्र प्रदान गरिसकेपछि सो को खारेजीको कारणहरु पहिल्याएर फेरी सोही प्रकृतिका घटना दोहोरिन नदिनु पर्ने होईन र ?

५. प्रमुख सवाल भनेको फर्जी सर्टिफिकेटले दण्ड पाउनुपर्छ । वास्तविक प्रमाणपत्रले न्याय पाउनुपर्छ । बेठीक र गलतले प्रश्रय पाउनु भनेको ठीक र सत्यले सजाय पाउनु हो । डाक्टरेट अर्थात विद्यावारिधिको उपाधिको लागि झोले विश्वविद्यालयबाट फर्जी प्रमाणपत्र बनाएर समकक्षता लिने र सो को अधिकतम दुरुपयोग गर्नेहरुको संख्याले मेहनतका साथ लगानी गरेर सही विश्वविद्यालयबाट अवधि र प्रक्रिया पूरागरी वास्तविक उपाधिप्राप्त व्यक्तिहरु लज्जित बन्दै तिनै नक्कलीवालाको बिगबिगी देख्दा निराशा र दुर्भाग्यपूर्ण साबित भएको छ । समकक्षता निर्धारणका लागि निर्देशिका छ र सोको समयानुकूल संसोधन पनि भएको देखिन्छ । प्रचलित कानुन बमोजिम नै समकक्षताको प्रमाणपत्र दिईएको हो भने सो खारेजी हुनु भनेको कि त कानून नै कमजोर हुनुपर्यो कि भने सो प्रमाणपत्र दिने व्यक्तिहरु दोषी साबित भै दण्डित हुनुपर्यो । प्राविधिक रुपमा त्रुटी हो भने एउटा गल्ती भएपछि बारम्बार सोही प्रकृतिका त्रुटीहरु हुनुमा पक्कै गम्भिर बन्नै पर्दछ । हुँदै नभएको उपाधि बोकेर मानव स्वास्थ्यमा उपचारको नाममा गरिने खेलवाडलाई मात्र नभै शिक्षाका क्षेत्रमा, प्राविधिक काममा, प्रशासनिक कार्यमा, सुरक्षा आदिका सवालमा भैरहेका अनगिन्ती अपराधहरुको दोषी को हो ?

६. अन्तमा, समकक्षताको सत्यापनका लागि निश्चित मापदण्ड तोकेर परीक्षाको व्यवस्था गर्न के ले रोकेको छ ? जबकि, अन्य मुलुकमा भने तोकिएको अवधि अध्ययन गरी तोकिएका विषयमा परीक्षा उत्तीर्ण गर्नैपर्छ । यसका लागि विषयहरु, भाषाको ज्ञान, खोज अनुसन्धान तथा सोधपत्रहरुका साथै व्यवहारिक परीक्षा समेत उत्तीर्ण गर्नैपर्ने व्यवस्था हुनुपर्दछ । शैक्षिक उपाधिका प्रमाणपत्रहरु दैनिक उपभोगका घरेलु वस्तु झैं बजारिया बन्नु हुँदैन । मानार्थ भन्दै वितरित गरिने प्रमाणपत्रहरुले शैक्षिक उपाधिलाई खिज्याउनु अर्को दुर्भाग्य भन्नै पर्दछ । बीना परीक्षा तथा आवश्यक ज्ञान र सीप हासिल नै नगरी शिक्षाका तमाम आदर्श, दर्शन,मूल्य, मान्यता, मूल्याङ्कन, विधि, प्रक्रिया,आदिलाई लत्याएर कागजी कुराहरुलाई मात्र आधार मानेर समकक्षता प्रदान गर्नु हुँदैन । यो प्रसंगमा नेपाल मेडिकल काउन्सिलले परीक्षा लिई सो उत्तीर्ण गरेकालाई मात्र एनएमसी नं. प्रदान गर्ने प्रक्रियाको भने प्रशंशा गर्नै पर्छ । त्यस्तै अधिवक्ता, शिक्षक, ईन्जिनियरका लागि संचालित परीक्षाका अभ्यासहरुलाई सकारात्मक भन्नै पर्दछ । यो एक प्रकारको लाईसेन्स नै हो । यस प्रकारका उपाधि प्रत्येक पाँच वर्षमा फेरी परीक्षा लिई नविकरण गरिनु राम्रो हुन्छ । अन्य देशबाट प्राप्त उपाधि बमोजिम कुनैपनि तह चाहे विद्यालय स्तरको कक्षा नै किन नहोस, विश्वविद्यालय स्तरका सबै तहको वर्षको एकपटक उपयुक्त मापदण्ड निर्धारण गरी तहगत परीक्षा लिएरमात्र निर्विवाद शैक्षिक उपाधिका प्रमाणपत्रहरुको समकक्षता प्रदान गरियोस भन्ने हाम्रो अपेक्षा हो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२९५५५

**मेष** : अध्ययन-अध्यापनका कामहरु रहलान् ।
**वृष** : साहित्यिक क्रियाकलापमा समय व्यतित होला ।
**मिथुन** : लेखाइ-पढाइ मध्यमकारक रहने समय छ ।
**कर्कट** : मन कल्पना र भावनामा रमाउने समय छ ।
**सिंह** : असमझदारीले काममा आघात आइपर्ने समय छ ।
**कन्या** : धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।
**तुला** : धन-मान र प्रतिष्ठामा वृद्धि हुने समय योग छ ।
**वृश्चिक** : धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।
**धनु** : विश्वासको संकट आइपर्ने समय योग छ ।
**मकर** : व्यापार-व्यवसाय मध्यमकारक रहने समय योग छ ।
**कुम्भ** : दायित्व र जिम्मेवारी थपिने योग छ ।
**मीन** : पढाई-लेखाई मध्यमकारक रहने समय योग छ ।

# एसईई परीक्षापछि विद्यार्थी



✍ सिएम रिमाल

माध्यमिक शिक्षा परीक्षा (एसईई) सकिएपछि विद्यार्थीहरूसँग झन्डै तीन महिना लामो समय रहन्छ । यो समय उपयुक्त रूपमा बिताउन सकेमा विद्यार्थीहरू भविष्यका लागि राम्रो तयारी गर्न सक्छन् भन्ने कुरामा म विश्वस्त छु । समयको सदुपयोग गर्ने विभिन्न उपायहरूमध्ये यहाँ केही महत्वपूर्ण पक्षबारे विस्तृत रूपमा चर्चा गरिएको छ ।

**१. आत्मपरिचय र लक्ष्य निर्धारण** :

एसईईपछि विद्यार्थीहरूले आफ्नो रुचि, क्षमताहरू र लक्ष्यहरूबारे सोच्ने राम्रो अवसर प्राप्त गर्नुपर्छ । कुन विषयमा रुचि छ ? भविष्यमा कुन क्षेत्र रोज्ने ? यी प्रश्नहरूका उत्तर खोज्दै विद्यार्थीहरूले आफ्नो लक्ष्य निर्धारण गर्न सक्नुपर्छ ।

**आत्ममूल्याङ्कनका लागि गर्न सकिने कार्यहरू** :

आफ्नो रुचि र क्षमताबारे लेख्ने, भविष्यमा गर्न चाहने पेशाका बारेमा अनुसन्धान गर्ने, आफूले मन पराएका क्षेत्रका विज्ञहरूसँग परामर्श गर्ने, लक्ष्य पूरा गर्न आवश्यक सीप र ज्ञान पहिचान गर्ने ।

**२. समयको सही व्यवस्थापन** :

तीन महिना लामो बिदालाई सजिलो रूपमा नलिई यो समयलाई योजना बनाएर सदुपयोग गर्नुपर्छ । दिनचर्या निश्चित गरी अध्ययन, मनोरञ्जन, पारिवारिक समय र अन्य गतिविधिहरू सन्तुलित बनाउनु महत्वपूर्ण हुन्छ ।

**उचित दिनचर्या बनाउनका लागि** :

दैनिक कार्य तालिका बनाउने, प्रेरणादायी पुस्तकहरू अध्ययन, शारीरिक व्यायाम, सिर्जनात्मक कार्य र आरामको समय छुट्याउने, सामाजिक कार्यहरूमा सहभागी हुने समय तोक्ने ।

**३. नयाँ सीपहरू सिक्ने अवसर** :

विद्यार्थीहरूले एसईईपछि विभिन्न व्यावहारिक सीपहरू सिक्न सक्नुपर्छ । समयको सदुपयोग गर्दै नयाँ ज्ञान र सीप सिक्नु भविष्यमा सहयोगी हुनेछ ।

**सिक्न सकिने केही महत्वपूर्ण सीपहरू** :

कम्प्युटर तथा प्रविधि : आधारभूत कम्प्युटर ज्ञान, प्रोग्रामिङ, ग्राफिक डिजाइन वा डिजिटल मार्केटिङ सिक्न सकिन्छ ।

भाषा तथा सञ्चार : अङ्ग्रेजी, नेपाली वा अन्य नयाँ भाषा सिक्ने प्रयास गर्न सकिन्छ ।

लेखन तथा सिर्जनात्मकता : कथा, कविता, निबन्ध लेख्ने, ब्लग लेख्न सुरु गर्ने वा आफ्नै युट्युब च्यानल खोल्ने सोच्न सकिन्छ ।

स्वास्थ्य र फिटनेस : खेलकुद, योग वा ध्यान अभ्यास गरी शारीरिक तथा मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनुपर्छ ।

**४. पुस्तक पढ्ने बानी बसाल्ने** :

पुस्तकहरू मानिसका असल मित्र हुन् । यस समय साहित्य, विज्ञान, जीवनी, मनोविज्ञान वा अन्य ज्ञानवर्द्धक पुस्तकहरू पढ्नुपर्छ । राम्रा पुस्तकहरू पढेपछि व्यक्तित्व विकासमा सकारात्मक प्रभाव पर्छ ।

पढ्न सकिने पुस्तकका प्रकारहरू : आत्मविकास र प्रेरणादायी पुस्तकहरू, विज्ञान र प्रविधिसँग सम्बन्धित पुस्तकहरू, जीवन कौशल र नेतृत्व विकास गर्ने पुस्तकहरू, रमाइला कथाहरू र साहित्यिक कृतिहरू ।

**५. पारिवारिक उत्तरदायित्व** :

...बाँकी पृष्ठ ३ मा

# बालबालिकाहरु सिकाइमा किन कमजोर बन्दैछन् ?



**सम्झना अधिकारी**

विद्यालयमा परीक्षा चल्दै थियो । तीन घण्टाको समयमा पूरा गर्नुपर्ने उत्तरलाई केही विद्यार्थीहरुले एक घण्टा पनि नबित्दै मेरो उत्तर लेखेर सकियो अब म बाहिर जान मिल्छ ? भनेर सोध्न थाले । मैले अहिले मिल्दैन पूरा समय बसेर पुरै प्रश्नको उत्तर लेखेपछि मात्र जान पाइन्छ भनेपछि बाँकी विद्यार्थीहरु पनि शान्त भएर उत्तर लेख्न लागे । एक घन्टाको जनाऊ घण्टी लागेपछि अरु कक्षाबाट फाट्टफुट्ट विद्यार्थीहरू बाहिर निस्किन थालेको देखेपछि अरु कक्षाबाट त गइसके अब त जान मिल्छ होला नि भन्न लागे । त्यसपछि लेखेर सकियो भन्ने विद्यार्थीहरूलाई पालैपालो बोलाएर उनीहरूको प्रश्नपत्रसँग उत्तरपुस्तिका रुजु गर्दै हेर्न थालेँ ।

हेर्दै जाँदा थाहा भयो कि उत्तर नलेखेपनि सबैप्रश्न सारेपछि त जान पाईन्छ होला भनेर प्रश्नचाहिँ पुरै सारेछन् तर उत्तर भने एउटा दुईवटाको मात्र लेखेको पाईयो । अरु प्रश्नको उत्तर खोई त भन्ने प्रश्नमा उनीहरुले आउने जति त सबै लेखेँ अरु आउँदैन भनेपछि पुनः केहीबेर प्रयास गर्न लगाएँ । परीक्षा समय पछि आफूलाई बाहिर भेट्ने सर्तमा पालैपालो गरी पठाएँ । परीक्षा चल्दै थियो । केही विद्यार्थीहरु लेखिरहेका, केही सोचिरहेका र केही भने पेनलाई खेलौना जस्तै खेलाइरहेको देखिन्थ्यो । आफूले शिक्षाक्षेत्रमै काम गरेको दुई दशक पूरा भइसकेको थियो । हरेक बर्ष बालबालिकाहरुमा देखिएको सिकाइप्रतिको बढ्दो निराशालाई कसरी कम गर्न सकिएला भनेर आफ्नो तर्फबाट हरसम्भव प्रयास नगरेको पनि होइन तर सिकाईप्रति बालबालिकाको नैराश्यता झन् झन् बढेको देखेर उनीहरू भन्दा पनि हामी पो सुध्रिनू पर्ने हो कि जस्तो भान हुन्थ्यो । तर के गर्नु परम्परागत पाठ्यक्रमलाई पुरानै शैलीमा मात्र सिकाउनु पर्ने बाध्यतामा रहेका हामीलाई स्पष्ट थाहा छ कि सिकाइका लागि बालबालिकाको पारिवारिक, सामाजिक तथा साँस्कृतिक वातावरण र आर्थिक पक्ष पनि उत्तिकै जिम्मेवार हुने गर्दछ ।

सिकाइका लागि पारिवारिक वातावरण सबैभन्दा बढी जिम्मेवार मानिन्छ । तर आज सानो परिवारको नाममा होस वा बुबाआमाको वैदेशिक रोजगारीको बाध्यताले हाम्रा बालबालिकाहरु निकै एक्लो हुने गरेका छन् । उनीहरुलाई समय दिने त कता हो कता उनीहरूको कुरा सुनिदिने फुर्सद पनि छैन हामीसँग । बिहान उठेदेखि बेलुका सुत्ने बेलासम्म पढपढ मात्र भनिरहने हामी उनीहरूको मनोविज्ञान र पढाइको वास्तविक सिकाई उपलब्धि कस्तो छ भन्ने थाहा पाउन परीक्षा नै कुर्नुपर्छ । बिगतमा संयुक्त परिवारमा रहँदा बुबाआमा व्यस्त भए पनि परिवारका अन्य सदस्यले उनीहरूको हरेक क्रियाकलाहरूमा चासो राखिरहेका हुन्थे । उनीहरुको पढाई, लेखाई, खेलकुददेखि अन्य हरेक क्रियाकलापमा समेत परिवारका दाजुभाइ तथा दिदी बहिनीको साथ र साथीसंगत समेतको पुरै जानकारी परिवारलाई हुन्थ्यो । तर आज हामीले हाम्रा बालबालिकालाई राम्रो शिक्षा दिने नाममा होस् वा अन्य बहानामा आफुभन्दा टाढा राख्दा उनीहरू सानै उमेरमा अभिभावकको माया, हेरचाहबाट बिमुख हुने, मोबाइल फोनको अत्याधिक प्रयोग तथा गलत प्रयोग र साथिभाइको संगतले कुलतमा फस्न सक्ने सम्भावना बढ्दै गएको छ । जसको असर स्वरूप आजका बालालिकामा सामाजिक संस्कार सिक्ने त परै जाओस् स-सानो कुरामा पनि रिसाउने र झर्कने स्वभाव निकै बढेको पाइन्छ ।

यसरी सोच्दा सोच्दै समय पूरा भएको जनाऊ घण्टी बज्यो । बाँकी केही विद्यार्थीहरुले उत्तर कपि बुझाएपछि सुरुमा बाहिर गएका बालबालिकाहरुलाई चौरमा खोज्न थालेँ । उनीहरू पनि मलाई देखेर मेरो नजिक आउँदै गरेका रहेछन् । सुरुमा हामी चौरको सानो घेरामा बसेर रमाइला कुरा गर्दै बिस्तारै मैले जिज्ञासा राख्दै उनीहरूको पारिवारिक पृष्ठभूमिमा पुगेपछि थाहा भयो कि उनीहरू मध्ये केहिको आमाबुबाको सम्बन्धविच्छेद भएपछि कोहि आफन्तसँग त कोहि सानीआमा र बुबासँग डेरामा बस्दै आएका रहेछन् । त्यसैगरी कसैको आमा वैदेशिक रोजगारीमा गएका रहेछन् भने केही बालबालिकाहरु घर टाढा भएकोले कोठा लिएर यतै बसेका रहेछन् । उनीहरुमध्य केहीलाई घरबाट समय समयमा पैसा र सामान आउँदो रहेछ तर अभिभावकहरुको उपस्थिति भने अन्तिम परीक्षाको नतिजामा मात्र हुने गरेको रहेछ । यसरी उनिहरुबाट थाहा भयो कि अरु कक्षामा पनि यस्ता बालबालिका धेरै छन् । मैले थाहा पाएँ कि यिनीहरू त प्रतिनिधि पात्र मात्र हुन् । हरेक सामुदायिक विद्यालयमा आज यी र यस्ता बालबालिकाको बाहुल्यता निकै बढ्दै गएको पाइन्छ । हामी सबैलाई थाहा छ सिकाई हुनका लागि सिकाई वातावरणको ठूलो भूमिका रहन्छ जुन विद्यालयबाट मात्रै सम्भव रहँदैन ।

यसरी अभिभावकबाट टाढा रहेका बालबालिकालहरु मध्ये धेरैजसो अन्य कुरामा चलाख भएको पाईए पनि पढाइमा भने निकै कम चासो दिने गरेको पाइन्छ । हरेक दिन अभिभावकको साथमा रहेर सस्कारसँगै शिक्षा लिनुपर्नेमा शिक्षाको नाममा उनीहरुलाई बोकाइएको त्यो गरुङ्गो भारलाई उनीहरुले बोझको रुपमा लिने गरेका छन् । यी र यस्ता विविध समस्याले बालबालिकाहरु अन्तिम परीक्षामा समेत तयारी बिना नै सहभागी हुन् थालेका छन् । तर राज्यले भने दोष जति सबै शिक्षकलाई मात्रै दिएर आफु पानी माथिको ओभानो बनेको छ । यसरी बालबालिकाको सिकाई उपलब्धि न्यून हुनुमा दोषी शिक्षकको मात्रै हो त ? बालबालिकाको सिकाई वातावरण निर्माणमा राज्य र समुदायको कुनै भूमिका रहँदैन ? यी र यस्ता धेरै प्रश्नहरूको उत्तर नखोजी विद्यालय शिक्षामा बालबालिकाको रुचि बढाई शिक्षालाई व्यवहारिक र जिवन उपयोगी बनाउन सकिदैन ।

केहि दिन अगाडि मात्र देशकै प्रधानमन्त्रीले समेत शैक्षिक उपलब्धि न्यून हुनुको पुरै दोष शिक्षकलाई दिनुभयो । शिक्षामा चाहे अनुसार सकारात्मक परिवर्तन ल्याई विद्यार्थीहरुलाई उचित शिक्षा दिनेदेखि सही र गलत छुट्याएर कारवाही गर्न सक्ने हैसियत राख्ने देशकै अभिभावकको समेत शिक्षकप्रति यस्तो नकारात्मक सोचाइ छ भने सामान्य नागरिकबाट हामीले कसरी सकारात्मक अपेक्षा गर्न सकिएला ? जसरी एउटा बिरुवा रोपेर मात्रै हुँदैन त्यो बिरुवालाई उचित स्याहार नहुँदा राम्रोसँग सप्रँदैन । त्यसैगरी बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकासका लागि उचित स्याहार सुसार र पारिवारिक वातावरण पनि राम्रो हुनुपर्छ भन्नेकुरा हाम्रो सामाजले नबुझेकै हो त ?

*(अधिकारी हेटौँडा-२ स्थित सिद्धार्थ माविकी शिक्षक हुनुहुन्छ ।)*

# एसईई परीक्षापछि...

विद्यार्थीहरूले परिवारका विभिन्न कार्यहरूमा सहयोग गर्नुपर्छ । यो समय परिवारसँग नजिक हुन, व्यवहारिक ज्ञान सिक्न र जिम्मेवार नागरिक बन्ने राम्रो अवसर भएकाले पारिवारिक काममा संलग्न हुनुपर्छ ।

परिवारमा गर्न सकिने सहयोगहरु : घरायसी काममा सघाउने (खाना बनाउने, सरसफाइ गर्ने), आमा-बुवाको काममा सहयोग गर्ने, भाइबहिनीलाई पढाउने, खेतबारी, करेसाबारी वा व्यापारमा सघाउने ।

**६. सामाजिक कार्यमा संलग्न हुने :**

यो समय विद्यार्थीहरूले समाजसेवा, स्वयम्सेवी काम वा वातावरण जोगाउने कार्यहरूमा संलग्न हुन सक्ने उत्कृष्ट अवसर हो ।

सामाजिक सेवाका लागि गर्न सकिने कार्यहरू : वृद्धाश्रम वा अनाथालयमा सहयोग गर्ने, स्थानीय सरसफाइ तथा वृक्षरोपण गर्ने, सचेतनामूलक कार्यक्रमहरुमा भाग लिने, सामाजिक संस्थाहरूसँग आबद्ध भई स्वयम्सेवा गर्ने ।

**७. भावी अध्ययनको तयारी :**

एसईईपछि कक्षा ११ मा कुन विषय लिने भन्ने निर्णय गर्नुपर्छ । विज्ञान, व्यवस्थापन, मानविकी वा अन्य प्रवाहहरूबारे अनुसन्धान गर्ने र सही निर्णय लिने राम्रो समय यही हो ।

भावी अध्ययनका लागि गर्न सकिने कार्यहरू : विभिन्न कलेजहरू र तिनका कार्यक्रमहरूबारे अनुसन्धान गर्ने, आफूलाई मनपर्ने विषयका लागि आधारभूत अध्ययन गर्ने, अनुभव भएका शिक्षक वा सल्लाहकार सँग परामर्श गर्ने ।

**८. आर्थिक सचेतना र उद्यमशीलता :**

विद्यार्थीहरूले सानो लगानीमा अनलाइन वा अफलाइन व्यवसाय गर्ने सोच्नुपर्छ । फ्रिलान्सिङ, ग्राफिक डिजाइन, अनलाइन ट्युटोरियल वा साना व्यवसायहरुका बारेमा अनुसन्धान गर्नुपर्छ ।

आर्थिक सचेतनाका लागि गर्न सकिने कार्यहरू : बचत गर्ने बानी बसाल्ने, नयाँ व्यावसायिक विचारहरूबारे सोच्ने, साना व्यवसाय वा स्टार्टअपबारे अनुसन्धान गर्ने,

**९. आत्मनिर्भर बन्ने अभ्यास :**

विद्यार्थीहरुले आफ्नो व्यक्तिगत सीपहरु सुधार्दै आत्मनिर्भर बन्ने प्रयास गर्नुपर्छ । घरका सामान्य मर्मतसम्भारका काम सिक्ने, सिलाई-कटाई वा अरु व्यावसायिक सीपहरु सिक्ने राम्रो अवसर पनि यही हो ।

आत्मनिर्भर बन्नका लागि गर्न सकिने अभ्यासहरू : खाना पकाउने कला सिक्ने, लुगा सिलाउने वा मर्मत गर्ने सीप सिक्ने, साना इलेक्ट्रोनिक्स वा घर ायसी सामग्री मर्मत गर्ने सीप सिक्ने ।

एसईई परीक्षा सकिएपछि विद्यार्थीहरुले यी तीन महिनालाई खाली समयको रूपमा नलिई सीप विकास, पारिवारिक सहयोग, सामाजिक संलग्नता र आत्मविकासको अवसरका रुपमा लिनुपर्छ । सही योजना बनाएर, समयको सही सदुपयोग गरेमा भविष्य उज्ज्वल बनाउन सकिन्छ । यो समय सधैँ आउँदैन, त्यसैले यसको उचित उपयोग गर्नु नै बुद्धिमानी हुनेछ ।

*(रिमाल हेटौँडा-४ स्थित नवोदय शिशु सदनका शिक्षक हुनुहुन्छ ।)*

## निजामती सेवा विधेयक

# यी हुन् मिलेका र टुंगिन बाँकी विषय

काठमाडौं : नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडू नेतृत्वको उपसमितिले सहमति जुट्न बाँकी केही विषय समेटेर संघीय निजामती सेवा विधेयकसम्बन्धी प्रतिवेदन समितिलाई बुझाएको छ । विधेयकमाथि छलफलका लागि २०८१ फागुन ९ गते राज्य व्यवस्था समितिले बडूको नेतृत्वमा उपसमिति गठन गरेको थियो । उपसमितिले सरकारले विधेयकमार्फत् प्रस्ताव गरेको धेरै विषयमा संशोधन गरेको छ । तर केही विषय मिल्न बाँकी भएपछि समितिमा छलफल गरेर टुङ्ग्याउने सहमति उपसमितिमा भएको छ ।

उपसमितिले निजामती सेवा प्रवेशको उमेर पुरूषको हकमा २१ वर्षदेखि ३५ वर्षसम्म र महिलाको हकमा २१ वर्षदेखि ३९ वर्षसम्म कायम गरेको छ । सरकारले पुरुषको हकमा २१ वर्षदेखि ३२ वर्ष र महिलाको हकमा २१ वर्षदेखि ३५ वर्ष कायम गर्न विधेयकमा प्रस्ताव गरेको थियो । उपसमितिले पुरूषको हकमा अहिले प्रचलनमै रहेको व्यवस्था स्वीकार गरेको छ । महिलाको हाल प्रचलित ४० वर्षसम्म सेवा प्रवेश गर्न पाउने व्यवस्थामा परिमार्जन गरेको छ । अब महिलाहरूले ३९ वर्षभित्र सेवा प्रवेश गरिसक्नुपर्छ । निजामती सेवाका कर्मचारीले अब ६० वर्षमा अवकाश पाउनेछन् ।

समितिले ३९ वर्षम सेवा प्रवेश गरे पेन्सन लगायतका सुविधा प्रस्ट हुने भएकाले महिलाको हकमा सेवा प्रवेशको उमेर अहिलेको भन्दा १ वर्ष घटाएको हो । अवकाशको हकमा नयाँ कानुन बनेको आर्थिक वर्षमा निजामती कर्मचारीहरू ५८ वर्षमै अवकाशमा जानेछन् । त्यसपछि अर्को वर्ष ५९ र त्यसपछिको वर्ष ६० वर्षमा अवकाशमा जानेछन् । लोक सेवा आयोगले सुरूआतमा प्रस्ताव गरेअनुसार नै उपसमितिले अवकाशको विषयलाई प्रतिवेदनमा समेटेको छ । तर लोक सेवा आयोगले छलफलको अन्तिममा नयाँ प्रस्ताव ल्याएको थियो ।

लोक सेवाले नयाँ ऐन बनेको वर्ष ५८ वर्ष ६ महिनामा, अर्को वर्ष ५९ वर्ष ६ महिनामा र तेस्रो वर्ष ६० वर्षमा अवकाशको व्यवस्था लागू गर्न प्रस्ताव गरेको छ । यो विषयमा समितिमा पनि छलफल गर्न उपसमितिले प्रस्ताव गरेको छ । एकैपटक अवकाशको उमेर ५८ बाट ६० बनाउँदा दुई वर्षसम्म लोक सेवा आयोगले नयाँ भर्ना लिन नपाउने अवस्था उत्पन्न हुनसक्थ्यो । त्यसैले लोक सेवाले चक्रिय आधारमा अवकाशको व्यवस्था गर्दा नयाँ भर्ना जारी राख्न सकिने प्रस्ताव गरेको थियो । उपसमितिले नेपाल सरकारको विशिष्ट श्रेणीको अतिरिक्त सचिव पद सिर्जना गर्ने सहमति गरेको छ ।

अतिरिक्त सचिव सहसचिवभन्दा माथिल्लो र सचिवभन्दा तल्लो तहमा र हनेछन् । तर अतिरिक्त सचिवलाई प्रदेशमा पठाउने कि नपठाउने भन्ने विषयमा सहमति जुट्न बाँकी छ । प्रदेशका मन्त्रालयको सचिवमा अतिरिक्त सचिव पठाउनुपर्ने अडान नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डे र जनता समाजवादी पार्टी नेपालका सांसद प्रकाश अधिकारीले राखेका छन् । उपसमितिमा रहेका अन्य सांसदहरुले भने प्रदेश सरकारको सचिव प्रदेशको लोक सेवाबाट आउने भएकाले दरबन्दी सिर्जना गर्न नहुने धारणा राखेका छन् । प्रदेशका मन्त्रालयमा अतिरिक्त सचिव पठाउने विषयमा समितिमा छलफल हुनेछ ।

उपसमितिले अब सहसचिवमा खुला प्रतिस्पर्धाबाट पदपूर्ति नगर्ने भएको छ । उपसमिति संयोजक दिलेन्द्र बडूका अनुसार सहसचिव पद निर्णय गर्ने अधिकारी भएकाले त्यस्तो पदमा खुला प्रतिस्पर्धाबाट पदपूर्ति नगर्ने सहमत भएको हो ।

सरकारले सहसचिवमा खुला प्रतिस्पर्धाबाट दश प्रतिशत पदपूर्ति गर्न प्रस्ताव गरेको थियो । तर उपसमितिले उक्त दश प्रतिशत बढुवातर्फ र अन्तरतह प्रतिस्पर्धातर्फ बाँडफाँट गरिदिएको छ । अब सहसचिवमा अन्तरतह प्रतिस्पर्धाबाट १५ प्रतिशत र बढुवाद्वारा ८५ प्रतिशत पदपूर्ति हुनेछ । कर्मचारी ट्रेड युनियन राखेर जाने सहमति उपसमितिमा भएको छ । सरकारले प्रस्ताव गरेकै व्यवस्थामा उपसमितिमा रहेका सांसदहरूले सहमति जनाएका हुन् । उपसमितिमा राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद चन्दा कार्की बाहेकले कर्मचारी ट्रेड युनियन राख्ने विषयमा सहमति जनाएका छन् । कार्कीले भने फरक मत राखेकी छन् ।

सरकारले कर्मचारी ट्रेड युनियन राखेर जान प्रस्ताव गरेको थियो । कार्यालय प्रमुख भएको अधिकृतबाहेक सातौं तहसम्मका अधिकृत र त्यहाँभन्दा तलका कर्मचारीलाई ट्रेड युनियनमा राख्ने सरकारले प्रस्ताव गरेको छ । कर्मचरीको असन्तुष्टिका बाबजुद उपसमितिले अवकाश प्राप्त कर्मचारीलाई संवैधानिक र अन्य निकायमा नियुक्तिका लागि 'कुलिङ पिरियड' राख्ने भएको छ । संवैधानिक निकायमा नियुक्तिका लागि एक वर्षको 'कुलिङ पिरियड' राखिएको छ । अन्य नियोग तथा आइएनजिओमा नियुक्तिका लागि भने २ वर्षको कुलिङ पिरियड प्रस्ताव गरिएको छ । यो विषय पनि समितिमा छलफल गर्ने गरी उपसमितिले टुंगो लगाएको छ ।

कांग्रेसका सांसदहरु २ वर्ष कुलिङ पिरियड राख्ने पक्षमा छन् । नेकपा (एमाले)का सांसदहरु भने १ वर्ष मात्र राख्नुपर्ने पक्षमा छन् । सरकारका सचिवहरुले सांसदहरुलाई हात जोडेरै 'कुलिङ पिरियड' नराखिदन आग्रह गरेका थिए । वर्षौं सेवा गरेका कर्मचारीलाई संवैधानिक निकायमा नियुक्तिका लागि जान पाउने व्यवस्था गरिदिन उनीहरुले माग गरेका थिए । लोक सेवा आयोगमा आधा विशिष्ट श्रेणीको कर्मचारी हुनुपर्ने संवैधानिक व्यवस्थालाई देखाएर उनीहरु कुलिङ पिरियड राख्न नमिल्ने बताएका थिए । उनीहरुले संवैधानिक आयोगमा ६५ वर्ष अवकाश हुने भएकाले कुलिङ पिरियड राख्दा ५ वर्ष सेवा गर्न नपाउने भन्दै हटाउन दबाब दिएका थिए । तर उपसमितिले कम्तीमा एक वर्ष कुलिङ पिरियड संवैधानिक आयोगमा जान पनि अनिवार्य गर्न प्रस्ताव गरेको छ ।

उपसमितिले सरुवालाई अनुमानयोग्य बनाउने भन्दै कार्यसम्पादन मूल्याङ्कनसँग जोड्ने गरी कुनै पनि कर्मचारीलाई न्यूनतम दुई वर्ष सरुवा गर्न नमिल्ने व्यवस्था गरेको छ । साथै सरूवालाई चक्रिय बनाउन कानुनमै उल्लेख गरिने भएको छ । सरुवाका लागि अब सरकारले जिल्ला र स्थानीय तहहरूलाई क, ख, ग र घ मा विभाजन गर्ने भएको छ । त्यसपछि घ मा भएका कर्मचरी अनिवार्य क श्रेणीको स्थानीय तह अथवा जिल्लामा सरूवामा जानेछन् । यसले दुर्गममा कर्मचारी नजाने परिपाटी अन्त्य हुने र जथाभावी सरकारले गर्ने सरुवामा हात बाँधिने सांसदहरूको दाबी छ ।

आरक्षणको हकमा उपसमितिले यदि कुनै आरक्षित समूहबाट पूर्ति हुन नसके सबभन्दा कम प्रतिनिधित्व भएको समूहबाट तानेर पदपूर्ति गर्ने गरी व्यवस्था गर्ने भएको छ । अर्थात् कुनै दलित कोटामा पदपूर्ति हुन नसके थारू अथवा मुस्लिम तर्फबाट यस्तो पदपूर्ति हुनेछ । तर यसपटक थारू अथवा मुस्लिम तर्फबाट यसरी नियुक्ति भएपछि अर्को वर्ष सो समूहबाट विज्ञापन गर्दा नयाँ पदपूर्तिको विज्ञापन हुनेछैन । हाल कुनै समूहबाट पदपूर्ति नभए अर्को वर्ष पुनः विज्ञापन गर्ने गरिएको छ । विज्ञापन गर्दा पनि त्यस्तो समूहबाट पदपूर्ति नभए खुलातर्फबाट पदपूर्ति हुने गरेको छ । उपसमितिले आरक्षण तर्फको कोटा खुलामा लैजानुभन्दा आरक्षणतर्फकै अर्को समूहमा लैजाँदा समावेशिता बढ्ने निष्कर्ष निकालेको छ ।

उपसमितिले सरकारले गरेको प्रस्ताव अनुसार नै समावेशीतर्फ प्रतिस्पर्धाको अवसर राजपत्राङ्कित पदमा १ पटक राजपत्रअनाङ्कित पदमा १ पटक मात्र दिने भएको छ । अर्थात् समावेशी समूह महिला, दलितबाट सेवा प्रवेश गरेको व्यक्तिले उपसचिवमा प्रतिस्पर्धा गर्न चाहेको अवस्थामा खुलातर्फबाट प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । तर राजपत्रअनाङ्कित प्रहरी जवानमा महिला तर्फबाट भर्ना भएको व्यक्तिले अधिकृत अर्थात् इन्सपेक्टरमा पुनः महिला तर्फबाटै प्रतिस्पर्धा गर्न पाउनेछन् । उपसमितिले प्रदेश र स्थानीय तहमा बढीमा १० वर्षसम्म मात्र केन्द्रबाट कर्मचारी पठाउने गरी कानुनी व्यवस्था गर्न सिफारिस गरेको छ ।

प्रदेश मन्त्रालयका सचिवदेखि स्थानीय तहका कर्मचारीसम्म प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति हुने संवैधानिक व्यवस्था अनुरूप तत्कालका लागि मात्र कर्मचारी पठाउने व्यवस्था गर्न उपसमिति सहमत भएको हो । केन्द्रले कर्मचरी पठाउँदा प्रदेशको प्रमुख सचिवलाई पठाउने र प्रमुख सचिवले आवश्यक रहेका पालिका र प्रदेश मन्त्रलायमा खटाउनेछन् । उपसमितिले मुख्य सचिव र सचिवहरूको पदावधि कटौती गर्ने समझदारी पनि जुटाएको छ । अब मुख्यसचिवको पदावधि २ वर्ष र सचिवहरूको पदावधि ४ वर्ष हुनेछ ।

यो व्यवस्थाले कर्मचरीहरूको वृत्तिविकासको अवसर छिटो हुने संयोजक बडूको दाबी छ । हाल मुख्यसचिवको पदावधि ३ वर्ष र सचिवहरूको पदावधि ५ वर्ष हुने गरेको छ । त्यस्तै, राज्य व्यवस्था समिति अन्तर्गतको उपसमितिले कर्मचरीहरूले पाउने बिदामा आन्तरिक पर्यटन बिदा थप गरिदिएको छ । तर यसरी आन्तरिक पर्यटन बिदा लिने कर्मचारीले घुमेर आएको ठाउँबारे प्रतिवेदन दिनुपर्नेछ । यसले आन्तरिक पर्यटन बढाउने उपसमितिको जिकिर छ । तर उपसमितिले सरकारी कर्मचारीले पाउने विवाह बिदाको शीर्षक हटाइदिएको छ । हाल कर्मचारीहरूले विवाह बिदा पाउँदै आएका थिए ।

*स्रोत : सेतोपाटी ।*

**नवीकरण सम्बन्धी सूचना**

**यस निर्माण व्यवसायी संघ मकवानपुरको २५ औँ वार्षिक साधारण सभा मिति २०८२ साल बैशाख ६ गते हेटौंडामा हुन गइरहेको सहर्ष जानकारी गराउँदछौँ । साथै यस संघमा दर्ता रहनु भएका निर्माण व्यवसायीहरुले यस संघको २५ औं वार्षिक साधारणसभामा सहभागी हुन मिति २०८१ चैत्र मसान्त सम्ममा २०८१/०८२ को अनिवार्य रुपमा यस संघमा नवीकरण गराई सक्नुपर्ने व्यवस्था भए अनुसार अनिवार्य रुपमा नवीकरण गर्नु/गराउनु हुन हार्दिक अनुरोध गर्दछौँ ।**

**निर्माण व्यवसायी संघ मकवानपुर**
**हेटौंडा, मकवापुर**

**मकवानपुर बुद्धिचाल संघको**
**साधारणसभा सम्बन्धी सूचना**

*प्रकाशन मिति २०८१/१२/१५*

मकवानपुर बुद्धिचाल संघको तपशिलका मिति, समय र स्थानमा साधारणसभा हुने भएको हुँदा साधारणसभाका प्रतिनिधी सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**
मिति : २०८२ बैशाख १३ गते ।
समय : बिहान ११:०० बजे
स्थान : होटल सूर्यान्श ।

**आयोजक**
**मकवानपुर बुद्धिचाल संघ**

# बागमतीमा जबरजस्ती करणीको घटना उल्लेख्य

समाज संवाददाता

हेटौँडा : मकवानपुरको कैलाश गाउँपालिका-२ मा अवस्थित कैलाशडाँडा र बैकुण्ठ क्षेत्र अहिले पर्यटकीय गन्तव्यको रुपमा विकास भइरहेको छ। विकट गाउँको रुपमा रहेको तत्कालिन डाँडाबास गाविस संघीयतापछि कैलाश गाउँपालिकाको रुपमा रहेको छ। प्राकृतिक सौन्दर्य, हावापानी र धार्मिक तथा पर्यटकीय महत्वका विभिन्न स्थल रहेको कैलाश बैकुण्ठमा केही वर्षअघि निर्माण गरिएको डाँफे मुनाल पार्कसहित हिमाल र पहाडको दृश्य अवलोकन गर्न सकिन्छ ।

मकवानपुरको पर्यटकीय नगरी पालुङबाट करिब ३ घण्टाको कच्ची सडकको यात्रापछि कैलाशको बैकुण्ठ पुग्न सकिन्छ भने धादिङ जिल्लाको मलेखु र आदमघाटबाट पनि बैकुण्ठ पुग्ने सडक बनिसकेको छ। राक्सिराङ गाउँपालिकाको खैराङबाट पनि बैकुण्ठसम्म पुग्न सकिनेगरी सडक निर्माण भइसकेको छ। हिउँदयाममा मकवानपुरको मनहरीबाट करिब साढे २ घण्टामै बैकुण्ठ डाँडा पुग्न सकिन्छ ।

धादिङको बेनिघाट रोराङ गाउँपालिकासँग सिमाना जोडिएको बैकुण्ठबाट धादिङ, गोरखा र रसुवाका हिमालहरुको आकर्षक दृश्य देख्न सकिन्छ। ऐतिहासिक गाउँको रुपमा रहेको बैकुण्ठमा तामाङले घाटु नाँच नाँच्ने प्रचलन छ । घाटु नाँच गुरुङको संस्कृति भएता पनि बैकुण्ठ गाउँमा मात्रै तामाङ जातिले घाटु नाँच नाँच्ने संस्कृति विकास गरेका छन् । हरेक वर्ष जेठको चण्डि पूर्णिमा मेला लाग्नुका साथै तामाङ जातिको घाटु नाँच नाँच देखाइने गरिन्छ ।

मकवानपुरको उत्तरी भेगमा महाभारत पर्वतमा प्राकृतिक सुन्दरता, साँस्कृतिक सम्पन्नता, ऐतिहासिक एवम् धार्मिक महत्व बोकेका स्थलहरुलाई समेटेर पर्यटकीय क्षेत्रका रुपमा विकास भइरहेको छ। अग्लो पहाडको टुप्पामा निर्माण गरिएको डाँफे र मुनालको आकर्षक प्रतिमाले पर्यटकलाई आकर्षित गर्नुको साथै गाउँमाथि रहेको विष्णु कुण्डमा गुरु रिम्पोछेको प्रतिमा स्थापनाले थप आकर्षण थपिदिएको छ । उति बेलाको विकट गाउँमा अहिले सडक पूर्वाधारको पहुँच पुगेको छ । सिजनमा





चल्ने बसडक पूर्वाधारले पनि सो क्षेत्रमा आन्तरिक पर्यटकको रोजाईमा परेको छ। एक हिसाबले भन्ने हो भने कैलाश बैकुण्ठ 'आन्तरिक पर्यटकको हब'को रुपमा विकास भइरहेको छ ।

संघीयता कार्यान्वयनसंगै आएको स्थानीय तहले विकट क्षेत्रको रुपमा रहेको सो स्थानलाई पर्यटनको केन्द्र बनाउने गरी अघि बढाएको गाउँपालिका अध्यक्ष लोक बहादुर मोक्तानले बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाको आन्तरिक स्रोत व्यवस्थापन गरी पर्यटन विकासका लागि कैलाश बैकुण्ठलाई अघि बढाइएको हो । हाल उक्त क्षेत्रमा पदयात्रा गर्नेहरुको आवागमन बढेको उहाँले जानकारी दिनुभयो । धादिङ, मकवानपुर र चितवनबाट घुम्न आउने पर्यटकहरुको संख्या पनि बढ्दो रहेको उहाँले बताउनुभयो । गाउँपालिकाले कैलाश बैकुण्ठलाई पर्यटकीय क्षेत्र बनाउनका लागि प्राथमिकताका साथ लगानी गरेसँगै आकर्षक पार्कहरु, गुम्बा लगायतका संरचना निर्माण गरेको उहाँले बताउनुभयो। बैकुण्ठमा करिब एक करोडको लगानीमा जीपलाइन निर्माणको कामसमेत अन्तिम चरणमा रहेको उहाँको भनाई छ ।

बैकुण्ठबाट कैलाश गाउँपालिकाको अधिकांश वडाको अवलोकन गर्न सकिने, ऐतिहासिक विष्णु कुण्ड, गुफा, तामाङ जातिको परम्परागत सांस्कृतिक सम्पदा रहेका कारण पर्यटकीय हिसाबले बैकुण्ठ निकै महत्वपूर्ण मानिएको अध्यक्ष मुक्तानले बताउनुभयो। कैलाश बैकुण्ठको पर्यटकीय विकासका लागि गाउँपालिकाका साथै बागमती प्रदेश सरकारले समेत लगानी गरेको अध्यक्ष मोक्तानको भनाइ छ । अध्यक्ष मोक्तानका अनुसार गाउँपालिकाको पहलमा प्रदेश सरकारले २० लाख रुपैयाँ लगानी गरिदिएपछि डाँफे मुनाल पार्क नजिकैको डाँडामा आकर्षक डम्फूपार्क निर्माण गरिएको छ। ऐतिहासिक बैकुण्ठ डाँडामै गाउँपालिकाले २२ लाख रुपैयाँ लगानी गरी टासी फर्पे छोयलिङ गुम्बा निर्माण गरिएको उहाँले बताउनुभयो ।

डाँफे मुनाल पार्कको मुनि पट्टी अग्लो डाँडाको समथल ठाउँमा सधैँ पानी जमिरहने पोखरीलाई विष्णु कुण्डको नाम दिइएको उहाँको भनाई छ । सो विष्णु कुण्डलाई संरक्षण गर्दै कुण्डको बीचमा गाउँपालिकाले १५ लाख रुपैयाँ खर्चिएर राखेको वौद्ध धर्मका धर्मगुरु पद्म सम्भवको आकर्षक मूर्तिले पनि पर्यटकलाई उत्तिकै लोभ्याउछ ।

उहाँका अनुसार डाँफे मुनाल पार्कसँगै प्रदेश सरकारको १० लाख रुपैयाँ लगानीमा बैकुण्ठ गाउँ सतिघाट संरक्षण स्थल पनि निर्माण गरिएको छ। करिब ४०० वर्षअघि बैकुण्ठमा मानव बस्ती बसाल्ने सुर्ज मोक्तानको कान्छी पत्नी केमालोमा मोक्तानले पतिको मृत्युपछि सति गई चिहान बनाइएको ठाउँलाई संरक्षण गरी सतघाट निर्माण गरिएको अध्यक्ष मोक्तानले बताउनुभयो ।

# जसपा नेपाल मकवानपुरमा विवाद

समाज संवाददाता

हेटौंडाः जनता समाजवादी पार्टी (जसपा) नेपाल मकवानपुरको जिल्ला अधिबेशनको विषयलाई लिएर विवाद भएको छ। बिहीबार पत्रकार सम्मेलनमार्फत् जिल्ला अध्यक्ष सोमबहादुर घलानले सशक्त ढंगले आफ्नो गतिविधि अगाडि बढाइरहँदा पनि केन्द्रीय उपाध्यक्ष विद्युत् बज्राचार्यले व्यक्तिगत रिस साँधी पार्टीलाई आन्तरिक विवादमा फसाई लथालिङ्ग पारिदिएको आरोप लगाउनुभएको छ ।

बिधि विधान र बिना जानकारी मनोमानी ढंगले अधिवेशन गर्न लागिएको उहाँको भनाइ छ । संगठन विभागको विधिलाई समेत बेवास्ता गरी केही अराजक तत्वहरु जिल्ला अधिवेशन गराउन लागिपरेकोले त्यसतर्फ सचेत रहन उहाँले आग्रह गर्नुभएको छ ।

पत्रकार सम्मेलनमा अध्यक्ष घलान र सचिव दीपक सिन्तानले हस्ताक्षर गरेको प्रेस विज्ञप्ति जारी गरिएको छ । विवादित कार्यक्रममा राजनीतिक दल, राज्य संयन्त्र, पार्टी नेतृत्व पंक्ति, पार्टी सदस्यहरु, पार्टी समर्थक र आम जनसमुदायलाई कार्यक्रममा उपस्थित नहुन विज्ञप्तिमा भनिएको छ ।


# हार्दिक बधाई



दिलिश गोविन्द जोशी
अध्यक्ष



धनबहादुर पौडेल (कल्याण)
उपाध्यक्ष



हरिगोपाल सापकोटा
महासचिव

मिति २०८१ साल चैत ९ गते शनिबार सम्पन्न **होटल एसोसिएसन मकवानपुरको १६औं वार्षिक साधारणसभा** तथा **सातौं अधिवेशन**बाट सर्वसम्मत यस प्रतिफल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष आदरणीय **दिलिश गोविन्द जोशी**, वरिष्ठ सल्लाहकार **धनबहादुर पौडेल** (कल्याण) र सदस्य **हरिगोपाल सापकोटा** क्रमशः अध्यक्ष, उपाध्यक्ष र महासचिव पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**विनोद पौडेल**
**व्यवस्थापक**

**कमल गौतम**
**सचिव**

**एवम् प्रतिफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार**

**हेटौँडा-२, मकवानपुर**


# अपाङ्गमैत्री सुरक्षित मातृत्वबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः नेत्रहीन युवा संघ नेपालले अपाङ्गतामैत्री सुरक्षित मातृत्व तथा प्रजनन सेवासम्बन्धी अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ । बिहीबार आयोजना गरिएको कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव पुष्पराज जोशीले अपाङ्गतामैत्री प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवासम्बन्धी निर्देशिका २०७९ का बारेमा सहजीकरण गर्नुभयो ।

सहरीकरण गर्नुहुँदै उहाँले अपाङ्ता भएका व्यक्तिले सम्मानपूर्वक बाँच्न पाउनुपर्ने बताउनुभयो । विभिन्न कारणले अपाङ्गता भएका व्यक्ति परिवार र समाजबाट अपहेलित हुनुपरेको जानकारी दिनुहुँदै सम्मानपूर्वक सेवा प्रदानमा समस्या रहेको उपसचिव जोशीले बताउनुभयो ।

नेत्रहीन युवा संघ नेपालका केन्द्रीय सदस्य शंकर उपाध्यायले अपाङ्गता अवधारणा, परिभाषा र वर्गीकरणबारे सहजीकरण गर्नुभयो । अपाङ्गता परिचयपत्रको समेत दुरुपयोग भइरहेको उहाँको भनाइ छ ।

कार्यक्रममा अपाङ्गताका वर्गीकरणबारे समूहगत छलफल गरिएको थियो । छलफलमा शिक्षा, स्वास्थ्यजस्ता सुविधाबाट नै अपाङ्गता भएका व्यक्ति वञ्चित भएको बताइएको छ । अपाङ्गतामैत्री संरचना नहुँदा कष्ट भोग्नु परिरहेको सहभागीको भनाइ छ । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका प्रतिनिधि, जनप्रतिनिधि, पत्रकार, गैरसरकारी संस्थाका प्रतिनिधि, स्वास्थ्यकर्मीलगायतको उपस्थिति रहेको थियो ।


## ज्ञानदीप शिक्षा (जि.एस.) निकेतन माध्यमिक विद्यालय

हेटौंडा-५, भैरवरोड

## शिक्षक/कर्मचारी आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/१४)*

यस विद्यालयका लागि तपसिलमा उल्लेख गरिएका शिक्षक कर्मचारी करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

| क्र.सं. | तह | विषय | आवश्यक संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | माध्यमिक | गणित | १ जना | सम्बन्धीत विषयमा स्नातक तह उत्तीर्ण |
| | | विज्ञान | १ जना | अनुभवीलाई विशेष ग्राह्यता |
| २ | प्राथमिक | अङ्ग्रेजी | ३ जना | सम्बन्धित विषयमा १०+२ उत्तीर्ण |
| | | विज्ञान | १ जना | |
| | | सामाजिक | १ जना | |
| ३ | | खेलकुद शिक्षक | १ जना | (विद्यालय खेलकुद शिक्षक प्रशिक्षण प्राप्त तथा राष्ट्रिय खेलाडीलाई विशेष ग्राह्यता) |
| ४ | | विज्ञान प्रयोगशाला सहायक | १ जना | विज्ञान विषयमा १०+२ उत्तीर्ण |

**परीक्षाको किसिम** : लिखित, कक्षा अवलोकन र अन्तरर्वार्ता (खेलकुद शिक्षकको लागि प्रयोगात्मक तथा अन्तरर्वार्ता)
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**दरखास्त दिने अन्तिम मिति** : २०८१ चैत्र २९ गते शुक्रबार, दिउँसो ४ बजेसम्म
**लिखित परीक्षा हुने मिति** : २०८१ चैत्र ३० गते शनिबार, विहान ११ बजे
**परीक्षा दस्तुर** : माध्यमिक तहको लागि २,०००/-, प्राथमिक तहको लागि १,५००/-, अन्य पदको लागि रु १,०००/- मात्र ।
**आवश्यक कागजात** : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, हस्तलिखित आवेदन, फोटो १ प्रति
**पाठ्यक्रम** : माध्यमिक तहको लागि शिक्षक सेवा आयोगद्वारा निर्धारित माध्यमिक तहको सम्बन्धित विषयको विषयगत पाठ्यक्रम तथा प्राथमिक तहको लागि नि.मा.वि. तहको सम्बन्धित विषयको विषयगत पाठ्यक्रम
**विस्तृत जानकारीका लागि** : ०५७-५२३४१५, ९८५५०६८९८४, ९८५५०६५२८४



## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
**-थाईराईड**
**-क्यान्सर**
**-रक्तअल्पता**
**-वाथरोग**
**-बाँझोपन**
**-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।**

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ